मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

फोन.नं: ०४८-५४०११२
०४८-५४०५९८

च.नं
प.सं

मितिः २०७७/११/१४

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
मन्थली नगरकार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप

**विषयः हालसम्म गरिएका कार्यहरुको विवरण पेश सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा रामेछाप जिल्लामा हिंसा प्रभावित महिला तथा बालबालिकाहरुका लागि यथाशक्य उपचारात्मक सेवाहरु सुलभ गराएर न्यायको लागि पहल गरी दिने र न्याय दिलाउने उद्देश्यले यस नगरपालिकाले आर्थिक वर्ष ०७७ श्रावण १ गतेदेखि संचालन गरिआएको अल्पकालिन सेवा केन्द्र (सेफ हाउस) ले श्रावण १ गतेदेखि फाल्गुन ३ गते सम्म गरेको कार्यहरुको विवरण सहित यो निवेदन पेश गरेको छु ।

श्री संझना जी web मा upload गर्नुहोला
२०७७/११/१४
प्र.प्र.अ.

**निवेदक**
सम्झना श्रेष्ठ
अल्पकालिन सेवा केन्द्र (सेफ हाउस)
मन्थली नगरपालिका-१, बसपार्क
९८४४४३७५८३

## मन्थली नगरपालिकाद्वारा संचालित अल्पकालिन सेवा केन्द्र (सेफ हाउस) मार्फत प्रदान भएका सेवाहरुको संक्षिप्त विवरण

| क्र.स | मिति | प्रभावित व्यक्ति | उमेर | ठेगाना | घटनाको प्रकृति | सेवा केन्द्रबाट प्रवाह भएको सेवा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | २०७७/४/२७ - २०७७/६/७ सम्म | देवि खड्का | ३३ वर्ष | गोकुलगंगा गा.पा-५, नामाडी | श्रीमान घर नभएको, ६-७ वर्ष देखि फोन सम्पर्कमा पनि नरहेको तर २०७७ साउन २१ गते एक छोराको जन्म भएपछि समाजबाट निकालिएको | ७ दिनको सुत्केरी महिला र नवजात शिशुको उचित पालन पोषण, बच्चालाई दुध,सरसफाइ,औषधि उपचार,परामर्श, आमा बच्चालाई कपडा सहित परिवारमा पनर्मिलनको लागि समन्वय गरेको | अरु २ बच्चा भएको कारण देवर भिष्मराज खड्का, जेठानी गंगा खड्का, माइतिको बुवा र आमा समूहको प्रतिनिधिको रोहवरमा २०७७ असोज ७ गते जम्मा ४४ दिन संरक्षणमा राखेर बुझाइएको |
| २. | २०७७/५/२४ - २५ गते सम्म | शकुन्तला माझी | ३५वर्ष | म.न.पा -६ , हात्तिटार | श्रीमानले कुटपिट तथा गाली बेइज्जत गरी घरबाट निकालिएको | खानावास, परामर्श,छलफलको लागि परिवारमा समन्वय गरेको | २०७७/५/२५ गते श्रीमान झिकाएर छलफल गर्दा मिलापत्र भएको |
| ३. | २०७७/६/५ - १४ गते सम्म | गोकुलगंगा सि | १६ वर्ष | गोकुलगंगा गा.पा-५, नामाडी | आफ्नै ठूलोबुवा टिकाराम खड्काबाट जबर्जस्तिकरणी पश्चाच ४ महिनाको गर्भवति भएको र ठूलोबुवा हाल प्रहरी हिरासतमै रहेको । आमाबुबा दुवै नभएको । | खानावास, परामर्श, स्वास्थ्य चेकजाँच, कानूनी प्रकृयाको लागि सहजीकरण, कपडा, चप्पल उपलब्ध गराईएको साथै उचित व्यवस्थापनको लागि मन्थली देखि काठमाडौँ सम्म गाडी रिजर्भ गरि पुर्याउन गएको। | २०७७/६/१४ गते सम्म ९ दिन संरक्षणमा राखेर उचित व्यवस्थापनको लागि शक्ति समूह काठमाडौँमा बुझाइएको |
| ४. | २०७७/६/८ - १४गते सम्म | ओ.सि.एम.सी (गोपिनी दमाइ) | अन्दाजी ५०/५५ वर्ष | वेवारिसे | वेवारिसे घाइते वेहोस अवस्थामा खाँडादेवी गा.पा मा प्रहरी टोलीले फेला पारेको, त्यँहाको स्वास्थ्य चौकीमा प्राथमिक उपचार पश्चात रिफर गरिएको | खानावास, परामर्श,कपडा, चप्पल, औषधी उपचार , पिसिआर परिक्षणमा समन्वय तथा सहजीकरण साथै मानसिक उपचारको लागि कोशिस नेपालसँग समन्वय गरी गाडी रिजर्भ गरेर भैँसेपाटी ललितपुर सम्म पुर्याउन गएको | २०७७/६/१४ गते सम्म ७ दिन संरक्षणमा राखेर मानसिक उपचारको लागि कोशिस नेपालमा बुझाइएको |
| ५. | २०७७/६/१० - १४ गतेसम्म | गंगामाया तामाङ्ग (माइली) | ३५ वर्ष | म.न.पा - १०, चनखु | राति ९ बजे मन्थली नगरपालिकाको कार्यालयमा बास माग्दै आएपछी वेवारिसे भनि नगर प्रहरीले सेवा केन्द्रमा लगिएको | खानावास, परामर्श साथै सिप बिकास र दिर्घकालिन पुनर्स्थापनको लागि काजा नेपाल आपेरोन नामक संस्थामा गाडी रिजर्भ गरेर पुर्याउन समेत गएको | २०७७/६/१५ गते ५ दिनको संरक्षण पछी काजा नेपाल -( आपेरोन)मा बुझाइएको |

लिलाराज मौडेल
प्रमुख प्रशासकीय अधिकृत

| क्र.स | मिति | प्रभावित व्यक्ति | उमेर | ठेगाना | घटनाको प्रकृति | सेवा केन्द्रबाट प्रवाह भएको सेवा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६. | २०७७/६/२० - गते २१ सम्म | रश्मी खड्का | १५ वर्ष | तामाकोशी गा.पा-४, दोलखा | २०७७/६/२० गते राति ८ बजे तिर म.न.पा १ आकाशेमा वेवारिसे अवस्थामा भेटेपछी पहरी टोलिले राति ९ बजे सेवा केन्द्रमा ल्याइएको | खानावास, परामर्श,यातायत खर्च साथै निजको आफन्त झिकाउन समन्वय तथा छलफलमा सहकार्य गरेको | २०७७ ÷०६÷२१ गते निजको आफ्नै बुवा मानबहादुर खड्काको जिम्मा लगाइ पठाइएको |
| ७. | २०७७/६/३० - २०७७/७/३ सम्म | अनुष्का थुलुङ्ग राई | १६ वर्ष | सोलुखुम्बु-४,सल्लेरी | २०७७/६/३० गते साँझ ५ बजे तिर मन्थली नगरपालिका वडा नं. १ सोल्मारी आसपासमा वेवारिसे अवस्थामा फेला परी प्रहरी टोलीले सेवा केन्द्रमा ल्याइएको | खानावास, परामर्श, कपडा र निजको आफन्त झिकाउन समन्वय तथा सहकार्य गरिएको | २०७७/७/३ गते ४ दिनको संरक्षण पछी आफन्तको जिम्मा लगाइएको |
| ८. | २०७७/८/२३ - २०७७/८/२७ सम्म | आ.सि.एम.सी (गोपिनि दमाई) | अन्दाजी ५०/५५ वर्ष | वेवारिसे | यस अघि पनि यस सेवा केन्द्रमा बसेको र मानसिक उपचारको लागि कोशिस नेपालकबाट डिस्चार्ज भएपश्चात पुन सेवा केन्द्रमा ल्याइएको | खानावास, परामर्श, ठेगाना पत्ता नलागेकोले दिर्धकालिन पुनर्स्थापनाको लागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयसँग समन्वय गरी नगरपालिकाको गाडीमा साथी नामक संस्थामा भैंसेपाटी ललितपूर सम्म पुर्याउन गएको | यस सेवा केन्द्रमा ३४ दिनको संरक्षण पछि २०७७/८/२७ गते दिर्धकालिन पुनर्स्थापनाको लागी साथी नामक संस्थामा बुझाइएको |
| ९. | २०७७/८/९ | राधिका अछामी | ४० वर्ष | म.न.पा-८, चिसापानी | वर्ष १६ की छोरी सजना अछामी २०७७/८/९ गते बिहानबाट घरमा नभएको र सम्पर्क विहिन भएको भनि खोजि कार्यमा सहयोग माग्न आएको | जिल्ला प्रहरी कार्यालय रामेछापसँग समन्वय गरी खोजतलास गर्दा निज आफ्नै आफन्तकोमा रहेको भनि जानकारी प्राप्त भएको | थप कारबाही नभएको |
| १०. | २०७७/८/१७ - २०७७/८/२५ सम्म | मनमाया तामाङ्ग (५ वर्षको बच्चा सहित) | ३५ वर्ष | गोकुलगंगा गा.पा-६, फर्फु | घरमा श्रीमानले खान लाउन नदिइ कुटपिट गरेर घरबाट बच्चा सहित निकाली मन्थली स्थित एक होटलमा काम गरी आएको तर बच्चा सानो भएका कारण काम गर्न नदिएपछी सडकमा रहेको र सेवा केन्द्रमा आएको | खानावास, परामर्श सिप विकासको लागि काजा नेपाल आपेरोनमा समन्वय गरी नगरपालिकाको गाडीमा पुर्याउन गएको | ९ दिनको संरक्षण पछी मंसिर २५ गते काजा नेपाल आपेरोनमा आमा बच्चा सहित सकुशल बुझाइएको |
| ११. | २०७७/८/१७ | मनकुमारी माझी | २४ वर्ष | खाँडादेवि गा.पा-१, रामाथुङ्ग | खान लाउन नदिएको,कुटपिट समेत गरेको भनि मौखिक जानकारी दिएको | परामर्श सहित सम्बन्धित पालिकाको न्यायीक समितिमा गएर उजुरी दिन सल्लाह सुझाव दिएको | थप कारबाही नभएको |

| क्र.स | मिति | प्रभावित व्यक्ति | उमेर | ठेगाना | घटनाको प्रकृति | सेवा केन्द्रबाट प्रवाह भएको सेवा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १२. | २०७७/८/२३ -२०७७/९/९ सम्म | सीता खड्का | ३० वर्ष | रामेछाप न.पा. - २, देउराली | वेवारिसे अवस्थामा मन्थली नगरपालिका-१ ट्राफिक चोकको सडक आसपासमा यत्रतत्र हिडेको अवस्थामा ट्राफिक प्रहरीले फेला पारी सेवा केन्द्रमा ल्याइएको | खानावास, परामर्श, कपडा साथै उपचारको लागि कोशिस नेपाल सँग समन्वय गरी मन्थली देखि काठमाडौँसम्म गाडी रिजर्भ गरी पुर्याउन गएको साथै रामेछाप नगरपालिका र वडा नं. २ देउरालीसँग पनि समन्वय गरेको | १७ दिनको संरक्षण पछी उपचारको लागि कोशिस नेपालमा २०७७/९/९ गते बुझाइएको छ । |
| १३. | २०७७/९/१० | तुलसा कार्की | १८ वर्ष | म.न.पा-३ , टेकनपुर | छिमेकी दिदीले सधैँ गाली गलौज गर्ने, विभिन्न आरोप लगाउने र कुट्न समेत आएको भनी मौखिक जानकारी दिएको | सम्बन्धित निकायमा पठाइएको | |
| १४. | २०७७/९/१४ | मनिषा परियार | १८ वर्ष | मन्थली नगरपालिका -१ | खाना लाउन नदिई कुटपिट गरी ४ वर्षको छोरा सहित घर निकाला गरि हाल माइती बस्दै आएको भन्ने मौखीक जानकारी दिएको | परामर्श (कानूनी प्रकृयामा रहेको हुदा सम्बन्धित निकायमा पठाइएको । | |
| १५. | २०७७/१०/१८ | सीता खड्का | ३० वर्ष | रामेछाप न.पा.-२, देउराली | मानसिक उपचारका लागि यस अधि कोशिस नेपालमा पठाइएको र ३८ दिनको उपचार पश्चाच कोशिसबाट डिस्चार्ज भएपछी पुन सेवा केन्द्रमा ल्याइएको | डाक्टरको सल्लाह अनुसार १ महिना औषधी सेवन गर्न सेवा केन्द्रमा राख्नु पर्ने भएको , खानावास, औषधी उपचार र परामर्श गरिरहेको । | २०७७/१०/१८ देखी निरन्तर बस्दै आएको |
| १६. | २०७७/१०/२५ - २०७७/११/३ सम्म | ओ.सी.एम.सी (लाटी) | अन्दाजी ३५/४० वर्ष | बिगु गा.पा, दोलखा | वेवारिसे अवस्थामा मन्थली नगरपालिका - ८ गाइखुरा सडकमा स्थानीयले देखेपछी नगर प्रहरीलाई खवर गरे पश्चात नगर प्रहरी, जिल्ला प्रहरी सहितको टोलीले उद्दार गरेको | खानावास, परामर्श, स्वास्थ्य चेकजाँचमा समन्वय, कपडा, चप्पल र मन्थली देखी दोलखा लैजान नगरपालिकाको गाडीमा राखेर पुर्याउन समेत गएको | ९ दिनको संरक्षण पछी २०७७/११/३ गते आवाज नेपाल दोलखाको स्नेह केन्द्रमा सकुशल बुझाइएको |

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत